वर्ष : २१, अंक : १७, काठमाडौं, २०८२ भाद्र २० गते शुक्रबार, 5 September, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## ‘मधेशीसँग मात्र दुईटा विकल्प छन्, लडेर अधिकार लिने कि सकिने’

राजविराज । सङ्घीय लोकतान्त्रिक मोर्चाको जनजागरण अभियान राजविराजस्थित जिल्ला समन्वय समितिको सभाहलमा राष्ट्रिय मुक्ति पार्टी नेपालको समन्वयमा “वर्तमान राजनीतिक अवस्थाक सन्दर्भ मे जनजागरण अभियान“ भएको छ। कार्यक्रममा मोर्चाका शिर्ष नेतागणले सम्बोधन गरेका छन् ।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेशीको जन्म नै संघर्ष गर्नलाई भएकोले संघर्षबाट मधेशी पछि नहट्ने बताए। भुमि ऐनले मधेशीहरुलाई एकजुट भएर लड्न बाध्य बनाएको बताए। भुमि ऐन मधेशीलाई मधेश मै अल्पसंख्यक बनाउने षड्यन्त्र रहेको बताए। मधेशीलाई कि त लडेर अधिकार लिने कि सकिने दुईवटा विकल्प मात्रै रहेको बताए।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले तराई मधेशको उप्जाउ भुमिलाई




*संघीय लोकतान्त्रिक मोर्चाद्वारा राजविराजमा आयोजित जनजागरण अभियानमा शीर्ष नेताहरु ।*

शासकवर्गले पहिलो चरणमा वक्सिस,विर्ता, जागिरको रुपमा वितरण गरे, दोश्रो चरणमा हदबन्दीको नाममा खोसे, तेस्रो चरणमा पुनर्वास कम्पनीको नाममा विदेशीहरुलाई वन विनाश गरेर जमिन बाँडे, चौथो चरणमा कानुन बनाएर सुकुम्बासीको नाममा कार्यकर्तालाई जग्गा वितरण गरे र अहिले आएर पाँचौ चरणमा भुमि ऐन ल्याएर मधेशलाई मरुभूमि बनाउन खोजिएको बताए। मधेशलाई आन्तरिक उपनिवेश बनाई अझै शासन गरिएको बताए। आफ्नै शासन सत्ताको लागि सबै मिलेर संघर्ष गर्नु पर्ने बताए। समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण गरिनुपर्ने बताए।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले जनजागरण अभियानले पहिला यस मोर्चाकै नेता जाग्नुपर्ने बताए। अहिलेको सत्ता गठबंधन लोकतन्त्र र संसदीय व्यवस्थाको उपहास भएको बताए। भुमि ऐन पास हुदा मोर्चाका घटक दलको हाउसमा पोजिसन के रह्यो प्रस्ट्याउनु पर्ने बताए । सारा मधेशी पार्टी एक भएर मात्रै नपुग्ने अवस्था रहेकोले आदिवासी जनजाती सहित सबै उत्पीडित जाती र समुदायहरु नमिलेसम्म अधिकार नपाउने बताए। उत्पीडितहरुलाई अधिकारविहिन बनाई कांग्रेस, एमालेले विगत ३५/३६ वर्षदेखि देश लुटेर जनतालाई कंगाल बनाएको बताए। पुर्वी सभ्यता र संस्कृतिलाई मेटाएर यहाँका

*बाँकी अन्तिम पृष्ठमा*

### लोसपा अध्यक्ष ठाकुरले भेटे प्रधानमन्त्री र गृहमन्त्री

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसँग छुट्टाछुट्टै भेटवार्ता गरेका छन् । अध्यक्ष ठाकुरले शुक्रबार प्रधानमन्त्री ओलीसँगको भेटवार्ताको क्रममा मधेश प्रदेश लगायत सम्पूर्ण मधेशमा भइरहेको खानेपानीको समस्या, नुहाउने पानीको समस्या र वीरगन्ज महानगरमा फैलिएको महामारीबारे ध्यानाकर्षण गराएका थिए । वीरगन्जमा फैलिएको महामारीमा तीन जनाले ज्यान गुमाइसकेकोले ठोस रुपमा समस्या अविलम्ब समाधानका लागि पहल गर्न र नियन्त्रण गर्न प्याकेजमा व्यवस्था गर्न उनले प्रधानमन्त्रीलाई अनुरोध गरेको लोसपा महासचिव विनोद कुमार सिंहले जनाएका छन् ।

यसैगरी, लोसपा अध्यक्ष ठाकुर, वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनल, उपाध्यक्ष एवं मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीसहितको टोलीले गृहमन्त्री लेखकलाई भेटेको छ । मधेश आन्दोलनमा मुछिएका अभिराम शर्मा लगायतका पार्टीका अन्य नेताहरु माथि लगाइएका मुद्दाहरु सम्बन्धमा गृहमन्त्री लेखकसँग गम्भीर वार्ता भएको जनाइएको छ । सोको समाधानका लागि छिटोभन्दा छिटो पहल गर्न गृहमन्त्री लेखकलाई जोडदार दबाब दिएको महासचिव सिंहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## उखु किसान आन्दोलनमा नेपाल संघीय समाजवादी पार्टीको ऐक्यबद्धता



काठमाडौं । काठमाडौंमा जारी उखु किसानहरूको आन्दोलनमा पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले ऐक्यबद्धता जनाएको छ । उखु किसानहरुको जायज मागलाई समर्थन गर्दै नेपाल संघीय समाजवादी पार्टीले एक ऐतिहासिक कदम चालेको छ । किसानहरूको पीडा, उनीहरूको संघर्ष र मागलाई आत्मसात् गर्दै पार्टीले पूर्ण ऐक्यबद्धता जनाउनुका साथै तत्काल समस्या समाधान गर्न सरकारलाई कडा शब्दमा आग्रह गरेको छ।

शुक्रबार माइतीघर मण्डलामा जारी आन्दोलनरत किसानहरूसँग एक्यबद्धता जनाउन पार्टीको प्रतिनिधि टोली पार्टीका केन्द्रीय उपमहासचिव जनक कार्कीको नेतृत्वमा पुगेको थियो । उक्त टोलीमा पार्टीका केन्द्रीय सचिव दिनेश पाखिन, बागमती प्रदेश इन्चार्ज चन्द्र तामाङ, केन्द्रीय सदस्य राजेन्द्र रामसहित अन्य केन्द्रीय सदस्यहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो ।

उनीहरूले किसान आन्दोलनलाई समर्थन गर्दै किसानहरूको जायज माग तत्काल पूरा गर्न सरकारलाई कडा चेतावनी दिएका छन्। प्रतिनिधि टोलीले सरकारको लापरबाही र उदासिनताका कारण किसानहरू झन् दयनीय अवस्थाबाट गुज्रिनु परेको भन्दै सरकार अब पनि गम्भीर नभए पार्टी सडक संघर्षमा उत्रिने चेतावनी दिएको छ। कार्यक्रम स्थलमै सञ्चारकर्मीहरूसँग कुरा गर्दै केन्द्रीय उपमहासचिव जनक कार्कीले भने, “उखु किसानहरू यो देशका मेरुदण्ड हुन्। उनीहरूको रगत-पसिनाको मोल राज्यले बेवास्ता गर्ने काम अब सह्य हुँदैन। नेपाल संघीय समाजवादी पार्टी किसान आन्दोलनसँग काँधमा काँध मिलाएर उभिन्छ, र सरकारलाई किसानका जायज माग तुरुन्त पूरा गर्न बाध्य पार्छ।”

त्यस्तै, केन्द्रीय सचिव दिनेश पाखिनले किसानलाई वेवास्ता गर्नु राष्ट्रघात सरह भएको उल्लेख गर्दै भने, “राज्यले किसानलाई अपमानित बनाउने हो भने हाम्रो पार्टी चुप लागेर बस्दैन। कृषकको पसिनाको मूल्य तिर्नु सरकारको दायित्व हो, दया होइन।”

## पूर्वाधार विकासमा फड्को मार्दै मधेश प्रदेश सरकार

जनकपुरधाम । आर्थिक वर्ष २०८१/८२ मधेश प्रदेश पूर्वाधार विकासको उपलब्धिमूलक वर्ष बनेको छ। जनताको जीवनस्तर सुधार र प्रदेशको दिगो समृद्धिलाई गतिशील बनाउन सरकारद्वारा सञ्चालित विभिन्न योजनाले ऐतिहासिक फड्को मारेका छन्।

यो अवधिमा प्रदेश सरकारले ४ सय ६ किलोमिटर ग्राभेल सडक, २ सय ५३ किलोमिटर ढलान सडक र ८४ किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न गरेको छ। साथै १ सय १० वटा कल्भट र ६ वटा पक्की पुल निर्माण गरी सञ्चालनमा ल्याइएको भौतिक पुर्वाधार विकास मन्त्री सरोज कुमार यादवले बताउनुभयो । यस्तै ७७ किलोमिटर नयाँ सडक समेत निर्माण भएको छ। योजनाबद्ध पूर्वाधार विस्तारका लागि सरकारले प्रादेशिक सडक सञ्जाल गुरुयोजना स्वीकृत गरेको छ भने सडक तथा पुल सम्बन्धी डिजाइन, स्ट्यान्डर्ड, स्पेसिफिकेशन तथा मापदण्ड पारित गरेको छ।

जनतामुखी कार्यक्रम अन्तर्गत सञ्चालित ‘एक निर्वाचन क्षेत्र, एक सडक’ अभियानको दोस्रो चरणमा ३२० किलोमिटर लम्बाइका ६४ सडक निर्माण थालिएको छ। त्यस्तै, ‘एक निर्वाचन क्षेत्र, एक पक्की पुल’ कार्यक्रमअन्तर्गत ६४ पुल निर्माणको तयारी भइरहेको मन्त्री यादवले जानकारी दिनुभयो ।

आवास क्षेत्रमा पनि सरकारले ठोस परिणाम ल्याएको छ। मदन भण्डारी आवास, जनता आवास र महेन्द्रनारायण निधी आवास कार्यक्रम अन्तर्गत आर्थिक वर्षमै १ हजार ५७ आवास निर्माण सम्पन्न भएका छन् भने थप ४ हजार भन्दा बढी आवास निर्माणाधीन छन्।

यस्तै, सामुदायिक भवन, धर्मशाला, सरकारी भवन र सभाहल गरी २ सय ७ वटा संरचना निर्माण सम्पन्न भएका छन्।

सो वर्षकै अवधिमा सम्पूरक अनुदान अन्तर्गत ७ सडक, प्रादेशिक सडक अन्तर्गत ३५ सडक र प्रादेशिक पुल अन्तर्गत १४ पुल निर्माणाधीन रहेका छन्। त्यसैगरी, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (ऐीच्क्षए) अन्तर्गत २१ वटा स्थानीय तहलाई पक्की सडक सञ्जालसँग जोड्ने काम भइरहेको छ। हालसम्म १ सय ५० किलोमिटर पक्की सडक मर्मत र १२ सय किलोमिटर सडकको नियमित मर्मत सम्पन्न भएको छ।

यसैबीच प्रदेश सरकारले रामजानकी बहुउद्देश्यीय रंगशालाका लागि जग्गा सम्झौता र गुरुयोजना तयार पारिसकेको छ भने बजेट व्यवस्थापन प्रक्रिया समेत प्रारम्भ भएको छ।

## सरकारलाई प्रभु साहको प्रश्न, ‘के सरकारको संवेदना मरेकै हो ?’

काठमाडौं । आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले कवाड व्यवसायीहरु, उखु किसान र शिक्षकहरु एक सातादेखि आन्दोलनरत हुँदापनि सरकारले कुनै वास्ता नगरेको भन्दै आक्रोश पोखेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै साहले यी आन्दोलनप्रति सरकारको कुनै गम्भीरता नदेखिएको भन्दै आलोचना गरेका हुन् ।

‘कवाड व्यवसायी, उखु किसान झण्डै एक सातादेखि आन्दोलनमा छन् । तर, सरकारलाई दुख्दैन, सरकारलाई छोएको छैन । सरकार बेखबरजस्तो छ । म सोध्न चाहन्छु-के सरकारको संवेदना मरेकै हो ? के अदालतको आदेश पालना हुन्छ कि हुँदैन ?’ आजपा अध्यक्ष साहले सरकारलाई प्रश्न गरे ।



उनले अदालतले स्टे अर्डर दिएर कवाड व्यवसाय सञ्चालन गर्न पाउनुपर्छ भनेको तर अदालतको आदेशको समेत अवज्ञा गर्दै कवाड व्यवसायीहरुमाथि कुटपिट र आक्रामण गरिएको बताए । कवाड व्यवसायीहरुमाथि भएको ज्यादती र डोजर आतंक गर्नेहरुमाथि कानून लाग्नुपर्छ कि पर्दैन भनेरपनि साहले प्रश्न गरे ।

‘यो सरकारले शान्ति, सुरक्षा गर्न सक्छ कि सक्दैन भनेर म सोध्न चाहन्छु । यत्रो पीडितहरुले शान्ति, सुरक्षा, क्षतिपूर्ति र अपराधीहरुलाई कारबाहीको माग गरेर आन्दोलन गर्दापनि, अदालतको आदेशको सम्मानको खातिर आन्दोलित बन्दा सरकार यसरी गैरजिम्मेवार बन्न मिल्दैन । मेरो आग्रह छ कि सरकार जिम्मेवार बनोस । आम नागरिकको सुरक्षाको ग्यारेन्टी गर्नु सरकारको हो,’ साहले भने ।

उनले कवाडहरुले काठमाडौंलाई नै स्मार्ट सिटी बनाउन भूमिका खेलेको तर्क गरे । काठमाडौंमा काम नलाग्ने चिजहरुलाई निकालेर फ्याक्ट्रीमा पुर्याउने काम गरेको भन्दै कवाड व्यवसायीहरुले काठमाडौंलाई सफा बनाउने काम गरेको साहको तर्क छ ।

उनले कवाड व्यवसायीहरुलाई देशभित्र र देशबाहिरको भनेर रंगभेदी कुरा गरिएकोमा पनि आपत्ति जनाए । उनले कवाड व्यवसायीहरुले आफ्नो पुँजी, जवानी र सिंगो जीवन लगाएको भन्दै उनीहरुमाथि निषेध गरिएको कुरा आफूलाई स्विकार्य नभएको चेतावनी दिए ।

महानगरपालिकाको ज्यादतीबिरुद्ध कबाड व्यवसायीलेले बिगत पाँच दिनदेखी आन्दोलन गर्दैआएका छन् । सर्वोच्चको आदेश पालना गर्नुपर्ने र कबाड व्यवसायीलाई शान्तिपूर्ण वातावरणमा व्यवसाय गर्नदिनुपर्ने माग गर्दै कबाड व्यवसायी आन्दोलनरत छन् ।

## सम्पादकीय

# संघीयता जोगाउन मधेश प्रदेशले नेतृत्वदायी भूमिका देखाउनुपर्छ

संघीयता भनेकै विकासका लागि हो । विकासलाई जनतामाझ पुऱ्याउनका लागि संघीय व्यवस्था संसारमै अब्बल मानिन्छ । राजनीतिक अवधारणा, जुन राज्यका सञ्चालन तहमा स्थानीय सदस्यहरू चुनिएर प्रतिनिधिमार्फत केन्द्रमा आइपुग्छन् । यसको सार्वभौमिकतालाई संविधानतः केन्द्रीय शासन अधिकारबाट स्थानीय तह र राजनीतिक इकाइहरूमा शक्ति तथा प्रशासनिक विकेन्द्रीकरण गरिन्छ । संघीयता राज्य सञ्चालनको त्यस्तो व्यवस्था हो, जुन प्रजातान्त्रिक नियम र संस्थाहरूमा आधारित हुन्छ । जहाँ शक्तिको बाँडफाँड केन्द्रीय र राज्य सरकारहरूलाई प्रदान गरिन्छ ।

संघीय संचरना बनेपछि विकासको परिसूचकांक बढ्नुको सट्टा यथास्थितिमा रहनु पक्कै शुभ संकेत होइन । मधेशी नेताहरू अहिले पनि मधेशको विकासका लागि न छलफल गर्छन्, न त कुनै योजना नै बनाउँछन् । चुनावमा विकासको ठूलठूला नारा दिए पनि अहिले उनीहरूसँग कुनै योजना नै छैन । निर्वाचनमार्फत बनेको सात वटा प्रदेशमध्ये मधेश प्रदेशमा मधेशी दलहरूकै सरकार छ । तर यो सरकारले आफ्नो ६ महिनाको अवधिमा पनि विकासको नाममा कुनै उल्लेखनीय काम गर्न सकेको छैन ।

नियम कानून बनाउनेदेखि सबै कुराको व्यवस्था अझ बाँकी नै छ । तर विकासको एजेन्डामाथि छलफल गर्न सकेको छैन । विकासको मार्गचित्र बनाउन सकेको छैन । मधेश प्रदेशको सरकारबाट नै आम मधेशीको भरोसा रहेको पक्षमा मधेशको विकासका लागि मेगा प्रोजेक्ट आउन सक्नुपर्छ । मधेशले प्राकृतिक प्रकोपमा तग्रिन प्रयास गरेको छ । प्रदेश सरकारले प्राकृतिक प्रकोपलाई राहत दिएर आफ्नो कर्तव्य त निर्वाह गरेको छ तर प्रकोपका कारण जसको उठिबास भएको छ, जसले सबथोक गुमाएका छन्, उनीहरूका लागि के योजना छ ? संघीय राज्य बनेपछि केन्द्र सरकारको मुख ताक्नु पर्दैन भन्ने आम धारणा छ र यो सहि पनि हो तर प्रदेश सरकारले मधेशको विकासको योजना बनाउन नसक्दा केन्द्रले नै हस्तक्षेप गर्नु पर्ने अवस्था आउन सक्छ कि ?

यदि केन्द्र सरकारले नै कुनै योजना ल्याउँछ भने राम्रै हो तर यसका साथै प्रदेश सरकारको पनि स्पष्ट खाका आउनु पर्छ । मधेशको विकासको सवालमा मधेशका केन्द्रीय नेताहरूको मौनता र असक्रियता रहस्यमय छ । सबै जिम्मेवारी प्रदेश सरकारको टाउकोमा थुपारेर हुँदैन । मधेशको विकासका लागि कस्तो योजना बनाउने भन्ने विषयमा मधेशी दलहरूमा कहिले पनि छलफल हुँदैन । मधेशी दलकै नेता केन्द्रीय सरकारमा मन्त्री छन् तर मधेशकोसुधारको विषयमा उनीहरुले केही गर्न सकेका छैनन् ।

स्वास्थ्य, कृषि, शिक्षा, उद्योग कारखाना, सिंचाइ आदिका विषयमा प्रदेश सरकारको कुनै योजना अहिलेसम्म सार्वजनिक भएको छैन । निर्माणाधिन र निर्माण सम्पन्न भइसकेको जलविद्युत आयोजना नरहेको प्रदेश यो नै हो । यस प्रदेशको बासिन्दाको मुख्य आयस्रोत कृषि भएपनि सिंचाइको राम्रो व्यवस्था छैन । समथल भू-भाग मात्र रहेको भए पनि विकासमा अति नै पछाडि रहेको छ । यो प्रदेशको विकास सूचकांक ०.४६८ मात्र रहेको छ । जबकी पहाडी क्षेत्रको ०.५२० रहेको छ । पूर्व पश्चिम राजमार्ग भन्दा जेठो रहेको हुलाकी राजमार्गको निर्णय अझै हुन सकेको छैन । हुलाकी राजमार्ग यो प्रदेशका लागि मेरूदण्ड नै हो । मधेश प्रदेशसँग आफै अपार स्रोत छ तर त्यसको सदुपयोग हुन सकेको छैन । प्रदेश सरकारले विज्ञहरूसँग छलफल गरी विकासका लागि स्पष्ट मार्गचित्र बनाउनु पर्छ । मधेश प्रदेशको विकासबाट संघीयताको मर्म परिलक्षित हुन्छ ।

# हामीले न सम्झे कसले सम्झिदिन्छ राजेश्वर नेपालीलाई !



जयप्रकाश आनन्द

मैले राजेश्वर नेपालीलाई बि.स. २०३२/०३३ साल तिर सप्तरीमा भेंटेको थिए। उहाँ जनकपुरका तत्कालीन कानून व्यवसायी गिरिशचन्द्र लालका साथ सप्तरीको कंचनपुर, मेरो जन्म गाउँ आउनु भएको थियो। कंचनपुर तिनताकमा प्रतिबन्धित नेपाली काँग्रेसका गतिविधीको उल्लेखनीय केन्द्र थियो। डा. दिवाकर दत्त बडो नाम चलेका नेता हुनुहुन्थ्यो काँग्रेसको। उहाँकै निवासमा मैले राजेश्वर जी र गिरिशचन्द्र जीलाई भेंटेको थिए। गिरिश जी पछि प्रख्यात कानून व्यवसायी भई सर्वोच्च अदालतको न्यायाधिश हुनु भयो। तर, तेस बखत उहाँहरू दुबै जना नेपाली काँग्रेसको कुनै संगठनात्मक प्रयोजनका लागि आउनु भएको थियो। तेस बखत शायद करिब ३०/३२ बर्षको हुनुर्छ राजेश्वर नेपाली जी, आज उहाँको देहावसान भएकै धेरै भयो। धेरैको स्मृतिबाट नै यो नाम हराएको छ होला।

यसपछि मैले पटक पटक उहाँलाई भेटे। पछिल्लो भेंटहरू प्रायसः जनकपुर र काठमांडौंमा भयो। बिभिन्न प्रयोजनका लागि। उहाँको बिभिन्न अनुभवहरूको लाभ लिनका लागि। तर, मैले यी सबै भेंटहरूमा उहाँका केही बिलक्षण गुणहरूमा अविचलित निरन्तरता पाएँ। उहाँलाई चिन्ने जान्नेले सबैभन्दा पहिला उल्लेख गर्ने बिषय हो-उहाँको सादगी। पहिरनको सादगी र चरित्रको शिष्टता। आम मधेसी मध्यम वर्गको पहिरन धोति र प्रायसः खद्दरको कुर्ता उहाँको पहिचान बन्न गयो। यसपछि शांति र अहिंसाका प्रति उहाँको श्रद्धा स्वभावको पक्ष रह्यो। जनकपुर, भारत बिहार राज्यसंग सीमामा आवद्ध छ। भारतीय स्वाधिनता आन्दोलनको क्रममा सीमा पारीको क्षेत्रमा महात्मा गांधीको बडो ठूलो प्रभाव रहेको थियो। यसैबाट प्रभावित भएर जनकपुरका कयौं सचेत मानिसहरू नेपालमा राणा शासनको बिरूद्धमा लागेका थिए। उनिहरू तेस बेला समाजका "रोल मोडेल" सरह थिए-यसबाट जो सुकै जाकरूक तथा परिवर्तनमुखी युवाहरू प्रभावित हुनु स्वभाविक नै हुन्छ। राजेश्वर नेपाली पनि गहिरो किसिमबाट प्रभावित हुनु भयो। यसका बावजूद कतिपय जान्ने बुझ्नेहरूले राजेश्वर जीलाई कडा मिजाजका ठान्ने गर्थे। मन नपरेका कुराहरूमा उहाँको तक्षण तर कटु लाग्ने प्रतिकृया दिने बानीलाई कतिपयले असौहाद्रपूर्ण मान्दथे। वास्तवमा "असहमत" हुनु र तेसलाई व्यक्त गर्नसक्नु सचेत मानिसको यौटा ठूलो गुण मानिन्छ। राजेश्वर जीले जीवन पर्यन्त पत्रकारितालाई पेशा बनाउनु भयो। लगभग हरेक दिन नै लेखि रहनु पर्ने दिनचर्या रहेको थियो। यसैगरी समाजका नागरिक अगुवाको रूपमा पनि उपस्थिति रहेको थियो। जनकपुरमा आयोजन हुने अपवाद वाहेकका सबै राजनीतिक, साहित्यिक तथा सामाजिक बिषयका सभा जमघटहरूमा नेपाली जी वक्ता रहने गर्नु हुन्थ्यो। यस्ता मौकाहरूमा बेवाक रूपमा आफ्ना धारणा राख्ने उहाँका स्वभावले असहमतहरूका नजरमा उहाँको परिचय कटु बोल्ने मानिसको रूपमा पनि गराएको हो। शायद, यौटा यो पनि कारण होला- राजेश्वर जी का धेरै आलोचकहरू थिए। कतिपयले यस स्वभावका कारणले राजेश्वर जीलाई राजनीतिमा स्थान बनाउन कठिन भएको भन्छन।

उपेक्षित, उत्पिडीत समुदायका अधिकारका लागि उहाँ सदैव सजग तथा संघर्षका पक्षपाति रहनु भयो। यद्यपि, तेसका लागि हुने आन्दोलन तथा संघर्षका चरणहरू शांतिपूर्ण र अहिंसक हुनुपर्नेमा उहाँ दृढ रहनु भयो। भुलवश कतिपयले उहाँलाई "मधेस आन्दोलन" का एक योजनाकार तथा कर्ताधर्ता मध्येका मान्दछन्। यो सत्य होईन।

मधेसीहरूले मुलुकका अन्य नागरिक सरह सबै अधिकार पाउनु पर्दछ भन्ने मान्यता उहाँको रहि आएको हो। यसैले गर्दा सद्भावना परिषद देखि मधेसी जन अधिकार फोरम-नेपालसम्मको स्थापनाकालिन सभाहरूमा राजेश्वर जीको उपस्थिति रहेको थियो। तर उहाँले कहल्यै पनि ति पार्टी तथा संगठनसंग संगठनात्मक आवद्धता जनाउनु भएन। खासगरी मधेसी पार्टीहरूका लागि उहाँ एकै साथ मार्ग दर्शक र आलोचक दुबै भुमिकामा देखिनु हुन्थ्यो।

उहाँले पत्रकारितालाई पेशा बनाउनु भयो। आज उहाँलाई धेरैले पत्रकारको रूपमा देख्छन। तर पत्रकारिता उहाँका लागि "मिशन" भन्दा कहिल्यै पनि अर्थोपार्जनको साधन भएन। पंचायती व्यवस्थाको समयमा पत्रकारितालाई उहाँले दबाईएका अभिव्यक्तिहरूलाई सार्वजनिक गर्ने माध्यम बनाउनु भयो। यसो भन्नु अत्त्योक्ति हुने छैन कि राजेश्वर नेपालीले पंचायती व्यवस्थाको कठोर दिनमा प्रतिबन्धित राजनीतिलाई जीऊँदो राख्न अह्म् महत्वको भुमिका निर्वाह गर्नु भयो र नेपाली काँग्रेस भित्र कयौ युवा नेताहरूको निर्माणमा ठुलो योगदान दिनु भयो।

तर, यी कुराहरू बाहेक मैले उहाँका बारेमा उल्लेख गर्नुपर्ने यौटा मुख्य कुरो छ। त्यो हो राजेश्वर नेपाली प्रतिवद्धताहरूको सन्दर्भमा एक समेकित व्यक्तित्व हो। अर्थात "कम्प्रेहिन्सिभ कमिटमेन्ट" भएको व्यक्ति हो। धेरै प्रकारका आदर्श तथा मान्यताहरूलाई संगै लिएर हिडेको मानिस हो उहाँ। अध्यात्म, राजेश्वर नेपालीसंग अविच्छिन्न जोडिएको पक्ष थियो। उहाँ कतिको कर्मकाण्डी रहनु भयो, मलाई जानकारी छैन। तर अध्यात्मिक आराधनालाई उहाँ मानसिक स्वच्छता तथा एक आदर्श जीवन पद्धतिको रूपमा स्वीकार गरेको पाईन्छ। भगवानको असीम शक्तिका प्रति उहाँको भरोसा प्रबल रहेको छ। म जेल परेको थिए। डिल्लीबजार कारागारमा रहेको थिए। राजेश्वर जी मलाई भेटन आउनु भयो र मेरो सबै प्रकरणलाई नियतिको लीला भन्नु भयो। हिडने बेलामा मलाई आश्वस्त पार्दै भन्नु भयो-"जाहे बिधी राखे राम, ताहे बिधी रहिए।" यसो भन्नु हुदाँ उहाँले भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसादको अध्यात्मिक भरोसाका बारेमा रोचक कुराहरू सुनाउनु भएको थियो। मैले ठानेको छु, अध्यात्मलाई राजेश्वर जीले जीवनमा संकट आई परेको बेला भरोसाका लागि, अविचलित रहनका लागि अनुभव गर्ने तथा आत्मसात गर्ने बिषयको रूपमा बढी ग्रहण गर्नु भएको व्यक्ति हुनुहुन्थ्यो।

यसरी नै प्रजातान्त्रिक राजनीतिक प्रणाली प्रतिको उहाँको सोच मौलिक प्रकारको थियो। एक शुद्ध प्रजातान्त्रिक प्रणालीलाई शब्दाडम्बर चाहिन्न। प्रजातान्त्रिक व्यवस्था भने तेसको स्थाई चरित्र जस्तो कि सार्वभौम जन निर्वाचित संसद, दलिय राजनीतिक प्रणाली, स्वतन्त्र न्यायपालिका, समानपातिक-समावेशी प्रतिनिधित्व, शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन जस्ता मौलिक गुणहरूबाट मात्र प्रजातान्त्रिक हुने कुरामा उहाँको बिश्वास थियो। न की गैर प्रजातान्त्रिक शासनमा "लोकतान्त्रिक" जस्ता शब्दाडम्बरलाई जोड्दा व्यवस्था प्रजातान्त्रिक हुन्छ। यस मान्यताका आधारमा नेपाली जी कतिपय पार्टी र शासनको कटु आलोचक हुनु भयो। शायद, प्रजातन्त्रलाई बुझ्ने आफ्नो यही मौलिक मान्यताका कारणले कुनै समय नेपाली काँग्रेसमा अत्यन्त सक्रिय रहनु भएका राजेश्वर जी पछि त्यो पुरानो पार्टीबाट अलग्गिनु भयो। नेपाली काँग्रेसको आलोचना गर्नु भयो। महेन्द्र नारायण निधीलाई उहाँले एक आदर्श मान्नु हुन्थ्यो, तर नेपाली काँग्रेसका नेता बिमलेन्द्र निधीका बिरूद्ध उहाँ एक समय चुनावमा उम्मेदवार हुनु भयो। महेन्द्र नारायण निधीका पुत्रलाई पराजित गर्नका लागि। यस अघि अनेकन् प्रलोभनका बावजूद पंचायती व्यवस्थालाई उहाँले कहिल्यै प्रजातान्त्रिक मान्नु भएन। अन्ततः राजेश्वर नेपाली प्रजातन्त्रवादी मात्र रहनु भयो, पार्टी बिहीन प्रजातन्त्रवादी!

भाषा, भाषाका प्रति राजेश्वर जीको अत्यधिक लगाव तथा प्रेम रहेको थियो। उहाँ एकै पटक कयौं राष्ट्रिय भाषालाई साथ लिएर हिडन सक्ने सामर्थ्यवान मानिस पनि हो। नेपाली भाषामा उहाँ पत्रकारिता गर्नु भयो। साथै हिन्दी भाषामा पनि। नेपालमा नेपाली र हिन्दीको "द्विभाषिक" पत्रिका निकाल्ने थोरै पत्रकारमा उहाँ पर्नु हुन्छ। राजेश्वर जी नेपालमा हिन्दी भाषा प्रचारको एक अभियन्ता नै हुनुहुन्थ्यो। कयौं पटक हिन्दी भाषाको उत्थानका लागि अन्तर्राष्ट्रिय स्तरको संगोष्ठी आयोजन गरिसक्नु भएको इतिहास छ। बिदेशमा आयोजित बिश्व हिन्दी सम्मेलनहरूमा नेपालबाट नेतृत्वदायी प्रतिनिधित्व गर्नु भये। नेपाली प्रति सम्मान राख्दै हिन्दी मात्र नेपालका सबै समुदायका बीच सबल सम्पर्क भाषा हुन सक्नेमा उहाँ दृढ रहनु भयो।

इतिहास प्रति राजेश्वर जीको भिन्नै दृष्टिकोण रहेको थियो। एक टेलिभिजन साक्षात्कारमा उहाँ भन्नु हुन्छः"इतिहासको चेतनाले मात्र वर्तमान पुस्ता सहि मार्ग दर्शन पाउँछन्।" उहाँको बिचारमा नेपालमा प्रजातान्त्रिक आन्दोलनमा भएका बलिदानको अभिलेख छैन। जानाजान पनि अभिलेख राखिएन। अतितको बलिदानले वर्तमानको स्वेच्छाचारितामा अंकुश लगाउँछ। तर, यसका लागि वर्तमान पुस्तामा अतितको बलिदानको ज्ञान हुनु पर्दछ। उहाँले जनकपुर क्षेत्रमा भएको प्रजातान्त्रिक आन्दोलनमा शहादत भएका, योगदान दिएका, जेलनेल भोगेका कयौं पात्रहरूको संक्षिप्त जीवनीहरू लेखेर प्रकाशित गर्न भएको हो। कयौं महान सपुतहरूको जन्म जयन्ति आदिलाई धेरैले स्मरण न गरेपनि सेही दिन अखवारहरूमा प्रकाशित राजेश्वर जी को लेख वा संस्मरण तथा श्रद्धांजलीहरूले ती बलिदानीहरूको स्मृति गराई रहेको हुन्थ्यो। वास्तवमा आफु स्वयं इतिहासको एक पात्र रहेपनि राजेश्वर जी कयौंका इतिहासलाई मर्न दिनु भएन। यसैले मैले माथी लेखेको हुँ- राजेश्वर नेपाली जी एक समेकित व्यक्तित्व हुनुहुन्थ्यो। नेपाली इतिहासका एक पूर्व पात्र।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# एनआरएनएको विवाद के थियो र कसरी समाधान भयो ?



**विश्वास दीप तिगेला**

गैर आवासीय नेपाली संघ ( एनआरएनए) वि.स. २०६० (सन् २००३) मा स्थापना भयो र संघ दर्ताको निमित्त लामो बहस र चर्चा पछि पहिलो चरणमा गैर आवासीय नेपाली सम्बन्धी ऐन २०६४ र गैर आवासीय नेपाली सम्बन्धीको नियमावली २०६६ निर्माण भयो त्यसपश्चात पाचौ कार्यसमितिको पालामा वि.स. २०७० (सन् २०१३) मा नेपालको परराष्ट्र मन्त्रालय अन्तर्गत संघ दर्ता भयो । छैठौ, सातौ र आठौ कार्यसमिति विवादरहित ढंगले चल्यो तर नवौं कार्यसमितिको कार्यकाल पुराहुन लागेको बखत आयोजना हुने महाधिवेशनको पूर्वसन्ध्यामा प्रतिनिधिहरु छनौट प्रकृयामा भएको धाँधलीको मुद्धा बोकेर अधिवेशन सारी पाँउ भनी आंकाक्षी उम्मेदवारहरु परराष्ट्र मन्त्रालय पुगे त्यसपछि तोकिएको मितिमा अधिवेशन हुनसकेन र समस्या सिर्जना भयो । करिब ६ महिना पछि अधिवेशन भयो तर दुई बेग्लाबेग्लै ठाँउमा दुई कार्यसमिति चयन भयो ।

याक एण्ड यति होटलमा पूर्वनिर्धारित कार्यक्रम अनुसार ८ चैत्र २०७८ का दिन सम्पन्न गैर आवासीय नेपाली संघको दशौं महाधिवेशनबाट विनोद कुबर अध्यक्षमा निर्वाचित भए, परराष्ट्र मन्त्रालयमा प्रतिवेदन बुझाए । त्यसको दुईदिन पछि अर्को समुहले होटल सोल्टीमा चैत्र १० र ११, २०७८ मा अर्को महाधिवेशन गरे सो समुहले एकैपटक ३ जना अध्यक्ष बनाए- कुल आचार्य, रविना थापा र बद्री के.सी. । ३ जना अध्यक्ष भएको समुहले दुईबर्षपछि फेरी ११ औं महाधिवेशन समेत गरे । एघारौ महाधिवेशनको अनलाईन चुनावमा प्राविधिक धाँधली गरि बद्री केसी स्वघोषित आफू अध्यक्ष बनेको भनी अध्यक्षका प्रत्याशीद्धय राजेन्द्र कुमार (आर. के.) शर्मा र महेश श्रेष्ठले पनि सर्वोच्चमा मुद्धा लगाए । सर्वोच्च र उच्च अदालतमा एकपछि अर्को मुद्धाको चाँङ लाग्यो ।

एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद (केन्द्र) मा सिर्जना भएको समस्याको कारण विश्वभरका विभिन्न मुलुकमा गठन भएका एनआरएनएहरुमा पनि समस्या सिर्जना भएको छ । एनआरएनए केन्द्रको समस्या उच्च अदालत, सर्वोच्च अदालतमा पुगेपछि सर्वोच्च अदालतबाट २१ चैत्र २०८० मा परमादेश जारी भयो । सो सर्वोच्चको परमादेश बमोजिम एकताको महाधिवेशन गत बैशाक २०, २१ र २२, २०८२ (३-५ मे, २०२५) का दिन काठमाडौंमा सम्पन्न भयो । महेश श्रेष्ठको अध्यक्षतामा नयाँ नेतृत्व चयन भयो ।

परराष्ट्र मन्त्रालयको ऐन नियम परामर्श तथा फैसला कार्यान्वयन शाखालाई लगत कट्टा गरिदिने सम्वन्धमा सर्वोच्च अदालतलाई बैशाक ३०, २०८२ का दिन पत्र लेख्यो । सर्वोच्च अदातल फैसला कार्यान्वयन निर्देशनालयले ६ जेठ २०८२ का दिन विधिसम्मत सम्पूर्ण प्रकृया पुरागरि एकता महाधिवेशन सम्पन्न भएको उत्प्रेरणा जारी गर्यो । त्यसपछि विदेशमा रहेका ३० वटा नेपाली दुतावास र ७ वाणिज्य दुतावासहरुमा एनआरएनएको एकता महाधिवेशनबाट महेश श्रेष्ठको नेतृत्व चयन भएको जानकारी पत्र ८ जेठ २०८२ मा पठायो । यसरी विधि र प्रकृया अनुसार आधिकारिकता प्राप्त गरेको महेश नेतृत्वको एनआरएनएलाई संघीय संसद प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले नेपाली नागरिकता ऐन बारेमा छलफलको निमित्त पत्राचार गर्यो र महेश नेतृत्वको एनआरएनए सहभागी पनि बन्यो ।

सर्वोच्चमा सर्वोच्चकै परमादेश विपरित, एकताको महाधिवेशन रोकि पाँउ भनी लगाएको मुद्धाको कुनै आदेश जारी भएन । केहीदिन पछि सर्वोच्च अदातल फैसला कार्यान्वयन निर्देशनालयले उत्प्रेरणा जारी गर्दै ति मुद्धाहरु स्वत: निष्कृय भएको जनाए । एकहिसाबले पुरै चरण सम्पन्न भएको बतायो तथापी पुनरावलोकनको नाउमा मुद्धा ब्यूँताईएको छ भने एनआरएनए सम्बन्धिका अन्य मुद्धालाई छुटाएर हेर्न नमिल्ने भनी ६ वटै मुद्धालाई जोडिएको छ । पुर्नरावलोकको सुनाई हुनेभनी सूचीमा पटकपटक चढे पनि सुनुवाई नभएको स्थिती छ, धेरैपटक सरिसकेको छ । पुर्नरावलोक पछि पनि कुनै अर्को फैसला आउने सम्भावना चाहि देखिन्दैन ।

सर्वोच्चको परमादेश अनुसार एकताको महाधिवेशनबाट नयाँ नेतृत्व चयन लगतै अन्य समुहले एनआरएनएको नाम र लोगो चलाउनु अवैधानिक हो । एनआरएनएको बैंक खाता चलाउनु र एनआरएनएको कार्यालय चलाउनु, ठूलो खर्च गरेर वेभसाईटको एमआईएस सिस्टम चलाउनु अवैधानिक हो ।

एनआरएनएको अहिलेको स्थिती- दौड प्रतियोगितामा धावकहरु सहभागी बनी दौडिएर लामोदुरी पुरा गरि विजयी बनेर पुरस्कार लिईसके, प्रमुख अतिथि र आयोजकले दौड प्रतियोगिता सम्पन्न भईसकेको घोषणा गरिसके तर एकाध व्यक्तिहरु दौड प्रतियोगिताबाट अलगिने, दौडमा भाग नलिने अनि प्रतियोगिता नै भएको छैन भन्ने, दौड प्रतियोगिता नै नभएकोले म आफै प्रथम हूँ भन्ने अपरिपक्क काम भएको स्थिती छ ।

दौड प्रतियोगितामा भागै नलिने एकाध पक्षले सर्वोच्चकै दोस्रो फैसला र सो फैसलाको १५ नम्बर बुंदामा प्रत्येक महाधिवेशन सार्वभौम हुनेछ भनिएकोमा हामी आधिकारिक हौ भन्ने गलत हल्ला फैलाएका छन् । महाधिवेशन मात्र होइन कुनै पनि समितिको बैठकक मात्र पनि सार्वभौम हुन्छ । गलत अर्थ्याउने काम भएको छ । दौड प्रतियोगितामा भागै नलिने पक्षले अक्टोबर, नोभेम्बर सम्म हामी आधिकारिक हौ भनी गलत दाबी गरिरहेका छन त्यसो भए अक्टोबर, नोभेम्बर पछि चाहि त्यो दाबी गर्ने समुह अर्कै नामको संगठनमा रुपान्तरण हुने हो? आज एनआरएनएको सदस्य बनेकाहरुलाई भोली अर्कै संगठनको सदस्य बनाउनु अपराध होइन र? नयाँ सदस्य बन्ने र नयाँ नेतृत्व बन्नेले अहिले नै ख्याल गर्नुपर्ने गम्भिर विषय हो । दौड प्रतियोगितामा सहभागी नभएकाहरुको जर्बरजस्त र बेईमानलाई सबैले ख्याल गर्नुपर्ने स्थिती देखिन्छ ।

सर्वोच्चको परमादेशले १३ सदसिय एकता महाधिवेशनको आयोजक कमिटि बनाईदियो । पहिलो बैठकमा सबैजना उपस्थित भए, दोस्रो बैठक देखि बद्री केसी अनुउपस्थित रहे । परमादेशमा भनिएको थियो, सबैको सहमतिमा महाधिवेशन गर्नु, सबैको सहमति नभएमा बहूमतको आधारमा गर्नु । नवौं कार्यसमितिका अध्यक्ष कुमार पन्त भएको बखत करिब ६ महिना पछाडी धकेलिएको १० औं महाधिवेशन गराउनको निमित्त बनेको थियो एक उच्चस्तरिय समिति र त्यसका संयोजक थिए शेष घले । सर्वोच्चको परमादेशले त्यहि उच्च स्तरिय समितिलाई ब्यूँताई दियो, शेष घलेलाई संयोजकको जिम्मेवारी तोक्यो । परमादेशले १० औं महाधिवेशनबाट बनेका विनोद कुवर, अर्को पक्षका ३ अध्यक्षहरु कुल आचार्य, रबिना थापा र बद्री केसीलाई अध्यक्षको रुपमा स्वीकार गरेन अर्थात उनीहरुको नेतृत्वको एनआरएनए सिंगो टिम नै खारेज गर्यो । यो परमादेश नेकपा (एमाले) र नेकपा (माओवादी) को पार्टी एकतालाई अवैध ठहर गर्दै पुन: पहिलाकै स्थितीमा पुर्याईदिएको २०७७ फागुन २३ को घट्नासँग मिल्दोजुल्दो छ ।

परमादेशले भन्यो उच्चस्तरिय समितिको पहिलो बैठक बसेको ६ महिना भित्र एकताको अधिवेशन गर्नु । शेष घलेले बहूमतको आधारमा एकताको महाधिवेशन तयारी गरिरहदा महाधिवेशन सार्नुपर्ने भनी तत्काल महाधिवेशन रोक्न पेशी चढ्यो तर सर्वोच्चले रोक्नु भन्न सकेन तब भोली पल्ट परराष्ट्र मन्त्री आएर उद्धाटन गरिन महाधिवेशन भब्यता पूर्वक सम्पन्न भयो ।

सर्वोच्चको परमादेशको मर्मअनुसार एकता महाधिवेशनबाट नवनिर्वाचित पदाधिकारीले बैशाख २१ मा सफथ खाए लगतै उनीहरु हरेक हिसाबले बैधानिक बने तब बद्री के.सी. पक्षले एनआरएनएको नाम, लोगो, बैंक एकाउन्ट चलाउन अवैधानिक हो । नवनिर्वाचित पदाधिकारीहरु निर्वाचित भएलगतै काठमाडौं कार्यालयमा प्रवेश गर्न चाहेका थिए तर नवनिर्वाचित महेश श्रेष्ठले म ब्यवस्थापन मिलाउछु भनी एक महिना समय मागे अन्तत: अझै प्रवेश भएको छैन । सर्वोच्चको परमादेशको मर्म- केन्द्रमा पहिला एकताको महाधिवेशन गर त्यसपछि विभाजित राष्ट्रिय समितिहरुको निर्वाचित गर भन्ने थियो, सोहि बमोजिम अभियान निरन्तर अघिबढिरहेको छ ।

विश्वभर ८७ मुलुकमा एनआरएनए राष्ट्रिय समन्वय परिषद (एनसिसि) गठन भएका छन तर त्यसको आधा जति मुलुकका एनसिसिहरु मात्र सक्रिय छन । प्रत्येक २ बर्षमा अनिवार्य अधिवेशन गर्नुपर्ने बाँध्यता भएकोले जुलाई, अगष्ट, सेप्टेम्बरमा अधिवेशनहरु भईरहेका छन । केसी पक्ष अमुक शक्तिको प्रभावमा अझै म नै एनआरएनए हूँ भनि हिडेको आभाष हुन्छ र कार्यालय र एमआईएस सिस्टम उनीहरुको कब्जामा भएकोले निरन्तर सम्पर्क गर्न सहज भएकोले एनसिसिहरुलाई आफ्नो पक्षमा लबिङ गरिरहेका देखिन्छन । त्यस्तै वैधानिक एनआरएनए (श्रेष्ठ) पक्ष पनि सक्रिय नै बनिरहेका छन् तथापी आफूहरु आधिकारिक बनिसकेको, आफ्नो पक्षमा परराष्ट्र मन्त्रालय, सर्वोच्च अदालतले नै बोलिदिई रहेकोमा ढुक्क देखिन्छन् ।

अहिले एकथरिको दाबी छ । अक्टोबर नोभेम्बरमा केसी पक्षले गर्ने भनेको महाधिवेशन पछि उनीहरुले एनआरएनए जस्तै अर्कै नामको संगठन बनाउनेछन् । यस अघि पनि युनाईटेट नेपाली डायस्पोरा अर्गनाईजेशन (अन्डो) दर्ता भएको छ । केसी पक्षले कुन नाम जुराउछन थाह छैन । एनआरएनए जस्तै ३ वटा संगठन निर्माण हुन्छ तथापी वैधानिक र परराष्ट्रको प्रमुख अंगको रुपमा एनआरएनए मात्र रहनेछ किन की सरकारको नियमावलीले एनआरएनएलाई प्रमुख स्टेकहोल्डरको रुपमा लिएको छ । केसी पक्षले नेपाल बाहिर संस्था दर्ता गर्ने वा नेपालकै समाज कल्याण परिषद अन्तर्गत वा कम्पनी हाउस अन्तर्गत गर्ने भन्ने चर्चा बजारमा छ । त्यसो हो भने अहिले एनआरएनए भनी मच्चिरहेका केसी पक्षका सदस्य तथा नेतृत्वहरु भोली अर्कै संस्थाको पदाधिकारी तथा सदस्य पो बन्दै छन की?

एनआरएनएको मुख्य बाँधकको रुपमा हालका सम्माननीय प्रधानमन्त्री रहेको देखिन्छ । उनैले बद्री केसीलाई उद्योग बाणिज्य प्रबर्द्धन संवाद परिषदको पदेन सदस्यमा गत ५ पुष २०८१ का दिन मनोनयन गरेको छ । केसीले सर्वोच्चको परमादेश पछि ४ महिना कार्यालय छोडेर हिडेका थिए तर प्रम ओली कार्यक्रममा आएर तिमी केसी पक्ष नै आधिकारिक हौ भनिदिए पछि उनीहरु हौसिएको देखिन्छ । अफसोच कार्यपालिकाको नियन्त्रण भन्दा बाहिर न्याय पालिकामा मुद्धा पुगिसकेको र न्यायपालिकाले निर्णय समेत सुनाईसकेको, परमादेश जारी भईसकेको कारण प्रमको जोड्बलले पनि विधि भत्काउन असम्भव देखिन्छ । अहिले बजारको हल्लाअनुसार एकता महाधिवेशनमा एमाले इतरका एनआरएनए अभियन्ताहरु सहभागी भएनन र अहिले केसी पक्षको एनआरएनए भन्नेहरुको समुहलाई एमालेको प्रवास संगठन प्रवासी नेपाली मन्च ( ओएनएफ) ले धानेको आरोप लगाउनेहरु पनि भेटिन्छन् । केही केही परिबन्दले अन्य पार्टीका पनि समाहित भएको हुनसक्ने अनुमान छ ।

एनआरएनए स्थापना भएको १० औं बर्ष पछि परराष्ट्रमा दर्ता नभएको भए, तत्कालिन महासचिव हेमराज शर्माले पैसठ्ठी र पच्चिसको फर्मुला नचलाएको भए अर्थात प्रत्येक एनसिसिका बहाल समितिले ६५ प्रतिशत र नयाँ चयन हुने समितिले २५ प्रतिशत मात्र महाधिवेशन प्रतिनिधि चयन गर्ने विधानको ब्यवस्थालाई आफू अनुकुल प्रतिनिधि स्वीकृत नगरेको भए अहिलेको समस्या सिर्जना हुने थिएन ।

त्यो बेला शर्मा इतरले चुनाउमा आफूले मात्र जित्ने वातावरण बनायो भन्ने आरोप लगाई प्रतिनिधि छनौट सम्बन्धिको मुद्धा बोकेर कुल आचार्य, जानकी गुरुङ, नवराज वली र वेद प्रसाद खरेलले परराष्ट्रमा मुद्धा मिति २४ भाद्र २०७८ मा नपुर्याएको भए, नेपालको प्रधानमन्त्री के.पी. ओली नभईदिएको भए । एनआरएनएको यो अवस्था आउने थिएन सायद ।

एनआरएनए परराष्ट्रले स्थापना गरेको होइन, विदेशिएका नेपाली आफैले स्थापना गर्यो, हुर्क्यो बढ्यो तब लौ हाम्रो मालिक तिमी परराष्ट्र मन्त्री, मन्त्रालय भयौ भनेर जब स्वीकार गर्यो, अर्थात परराष्ट्रमा एनआरएनए दर्ता भयो तब दलिय दलदलमा फस्यो । पूर्व परराष्ट्र मन्त्री विमला पौडेल राई, पूर्व परराष्ट्र मन्त्री नारायण खड्काले विधि र नियम कानुन भन्दा दलिय दबाबमा केही काम गरेबाट अहिलेको समस्या झनै जटिल बनेको मानिन्छ ।

विवाद भईरहेको बखत: एनआरएनएले केही गरेन भन्ने पनि भाष्य निर्माण हुदै गएको देखिन्छ त्यो सरासर गलत हो । एनआरएनए देश बाहिराको अर्ध नेपाल सरकार अर्थात अभिभावक, सहयोगीको रुपमा काम गरिरहेको छ । नेपालमा २०७२ को महाभूकम्पको उद्धारमाहोस वा २०७६ देखि करिब ३६ महिना चलेको कोरोना भाईरसको अत्यासलाग्दो महामारीको स्थितीमा एनआरएनएको योगदान विर्षनै मिल्दैन । नेपालमा लगानी गर्ने, पर्यटक भित्राउने, नेपाली उत्पादन निर्यात गर्ने र विदेशमा समस्यामा परेका नेपालीहरुको उद्धारको लागि एनआरएनए सधै अग्रपंत्तिमा छ । नेपालको विकास र प्रगतिमा एनआरएनए अभिन्न अंग हो र रहिरहने छ । त्यसैले प्रत्येक नेपाली र सिंगो नेपाल सरकारको लागि एनआरएनए महत्वपूर्ण छ । यति महत्वपूर्ण र धेरै काम गरेको एनआरएनए आखिर किन विवादित भईरहन्छ सर्वसाधारणमा प्रश्न आउन सक्दछ, त्यसको कारण हो शक्ति र प्रभावहुने संगठनमा सबैको चासो र आकर्षण हुन्छ, भएको त्यति मात्र हो । शक्ति र प्रभाव हुने अन्य संगठनमा पनि यस्तो विवाद भईरहन्छ, यसलाई सामान्य लिनुपर्ने हुन्छ ।

अन्तमा, विश्वभरको एनआरएनएलाई एक बनाउने लोकविधि सम्मत सम्माननीय सर्वोच्च अदालतको परमादेश, विदेशमा भएका नेपालीहरुको चाहना, नेपाल सरकारको चाहना र समग्र नेपालीहरुको आवश्यकता अनुसार एनआरएनए अघि बढ्नु पर्ने हो तर यो कामको निम्ति पनि दलिय बाँधा अड्चन नै एनआरएनएको निमित्त दुर्भाग्य बन्न पुगेको छ । प्रवासिएका नेपालीहरुले विदेशमा भोग्न र जुध्न परेको समस्या, एनआरएनए सम्बन्धि नेपालकै प्रतिकुल ऐन कानुनको विरुद्ध लड्नुपर्ने अहिलेको आवश्यकता हो, बर्षौंबर्ष देखि मिलेर बसेको नेपाली समाजलाई विभाजित गर्ने गलत पात्रहरुको गलत कामलाई चिर्दै अघि बढ्नुपर्ने चुनौती छ । यी चुनौतीहरुमा केन्द्रीत हुदै प्रवासिएका नेपालीहरुको हितमा, मातृभूमी नेपालको हितमा काम गरौ । गत बैशाकमा सम्पन्न एकताको महाधिवेशनसँगै सम्पूर्ण विवादहरु समाप्त भएको छ । संगठनलाई निरन्तर अघि बढाउन एनआरएनएको सदस्य बनौ, एनआरएनएको नेतृत्व बनौ तर आधिकारिक र भोली पनि एनआरएनए नै बन्ने गरि बनौ, बैधानिक एनआरएनए अवैधानिक एनआरएनएको बारेमा सुस्पष्ट भएर अघि बढौ । जय एनआरएनए ।

# महिलाको आवाज गाउँ-गाउँमा : संघीय समाजवादी महिला संगठनले सुरु गर्‍यो सशक्त अभियान

काठमाडौं । पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल सङ्घीय समाजवादी पार्टी निकट संघीय समाजवादी महिला संगठनको केन्द्रीय तदर्थ समिति काठमाडौँको बिजुली बजारस्थित पार्टी केन्द्रीय कार्यालयमा भव्य कार्यक्रमकाबीच घोषणा गरिएको छ । यो ऐतिहासिक कदमलाई महिलाहरूको अधिकार, समान सहभागिता र न्यायको यात्रामा नयाँ अध्यायको रूपमा हेरिएको छ। कार्यक्रमको अध्यक्षता पार्टीकी उपाध्यक्ष तथा केन्द्रीय महिला इन्चार्ज सीमा खानले गरेकी थिइन् भने सञ्चालन उपमहासचिव जनकबहादुर कार्कीले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथिका रूपमा पार्टी महासचिव अनन्त राईको विशेष उपस्थिति रहेको थियो।

साथै, उपमहासचिव जावेद अली अन्सारी, सचिव दिनेश पाख्रिन, केन्द्रीय सदस्य राजेन्द्र रामसहित पार्टीका अन्य नेतागण र उल्लेख्य संख्यामा महिला कार्यकर्ताहरू सहभागी थिए । महासचिव अनन्त राईले भावुक शैलीमा महिलाको अधिकारको सवाललाई अगाडि सार्दै भने, “महिलाले अब ३३ प्रतिशत मात्र होइन, ५० प्रतिशत समान अधिकारको लागि संघर्ष गर्नुपर्छ। यो लडाइँ महिलाको मात्र होइन, हाम्रो सामूहिक लडाइँ हो। नेपाल सङ्घीय समाजवादी पार्टी महिलासँग पूर्ण रुपमा उभिन्छ।”

त्यस्तै, उपमहासचिव जावेद अली अन्सारीले संगठन विस्तारको जिम्मेवारीलाई ऐतिहासिक अवसरको रूपमा व्याख्या गर्दै भने, “आज केन्द्रमा गठन भएको यो संगठन अब देशभरि फैलिनुपर्छ। वडासम्म पुगेर महिलामा राजनीतिक र सामाजिक चेतना जगाउन सकियो भने मात्र हाम्रो संघर्ष सफल हुन्छ।”

केन्द्रीय सचिव दिनेश पाख्रिनले अझ गहिरो भावनासहित महिलाको वास्तविक पीडा उजागर गर्दै भने, “नेपालमा महिलालाई अझै दासीझैँ व्यवहार गरिन्छ, बोक्सीको आरोपमा पिल्साइन्छ। संविधानले अधिकार दिए पनि समाजले स्वीकार नगरेको यथार्थ छ। त्यसैले हाम्रो संगठनले देशभर राजनीतिक प्रशिक्षणमार्फत यो अन्यायविरुद्ध चेतना जगाउनैपर्छ।”

केन्द्रीय सदस्य राजेन्द्र रामले दलित, मुस्लिम र पछाडि पारिएका महिलाको मुद्दा जोड्दै भने, “सबैभन्दा बढी वञ्चित त दलित, मुस्लिम र पिछडिएका वर्गका महिलाहरू हुन्। यो संगठनले उनीहरूको बीचमा विशेष अभियान सञ्चालन गरेर बलियो जालो बनाउनैपर्छ।”

कार्यक्रम सञ्चालन गर्दै उपमहासचिव जनक कार्कीले संगठनलाई निरन्तर संघर्षमार्फत मजबुत बनाउनु पर्ने धारणा राख्दै भने, “हामी महिलाको सवाललाई केवल औपचारिकतामा सीमित राख्न सक्दैनौं। महिला संगठन हाम्रो पार्टीको मेरुदण्ड बन्नेछ। यो संगठनले हरेक गाउँ, हरेक बस्ती र हरेक घरमा महिलाको आवाज पुऱ्याउनुपर्छ। महिलाले अब आफ्नो अधिकार पर्खेर होइन, संघर्ष गरेर जित्ने हो।”

कार्यक्रमको अध्यक्षता गर्दै उपाध्यक्ष सीमा खानले महिलालाई संघर्ष र शिक्षा दुवै आवश्यक रहेको जोड दिँदै भनिन्, “अधिकार खोजेर मात्र पुग्दैन, पढ्नुपर्छ, संगठित हुनुपर्छ र लड्नुपर्छ। संघीय समाजवादी महिला संगठनले देशभर महिलालाई एकताबद्ध गर्दै बलियो आन्दोलन खडा गर्नेछ।”

भेलाले १७ सदस्यीय केन्द्रीय तदर्थ समिति र ५ सदस्यीय दस्तावेज निर्माण समिति गठन गरेको छ। संयोजकमा प्रेमा मगर, उप-संयोजकमा रेनु डङ्गोल, महासचिवमा निर्मला बराल, सचिवमा जानुका सुनुवार राई, कोषाध्यक्षमा फुलमाया वाइवा चयन भएका छन्।

त्यसैगरी, आसिमा खातुन, शेख अमिना खातुन, अन्जु सिंह ठकुरी, नानीमाया वाइवा, तबसम्म खातुन, अख्तरी खातुन, रोशन खातुन, सन्ध्या लिम्बु, रमा महर्जन, सिमा लामा र रुपा लामा सहित ११ जना सदस्यहरू चयन भएका छन्।




भेलाले आगामी एक वर्षभित्र ७७ वटै जिल्लामा समिति विस्तार गर्ने, सदस्यता अभियान सञ्चालन गर्ने, राजनीतिक प्रशिक्षण कार्यक्रम आयोजना गर्ने र संघीय समाजवादी महिला संगठनको प्रथम राष्ट्रिय सम्मेलन आयोजना गर्ने ऐतिहासिक निर्णय पनि गरेको छ।

यस समितिको गठनसँगै महिलाको आवाज अझ सशक्त रूपमा देशभर गुन्जिने अपेक्षा गरिएको छ। यो कदमलाई महिला सशक्तीकरणको नयाँ आशा र समान अधिकारका लागि ठुलो मोडको रूपमा लिइएको छ।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले कुनै समय यहाँ मंचमा बसेका सबै नेता एउटै पार्टीमा रहेको बताए तर सँगै काम चलेन र विभाजित हुन पुगेको बताए। सबै उत्पीडितहरुले आ-आफ्नो राष्ट्रिय पहिचान अर्थात जातीय पहिचान खोजेका छन। त्यसकारण राष्ट्रिय पहिचान संगै सबै समुदायले प्रतिनिधित्व र स्वायत्तता तथा स्वशासन खोजेको बताए। जस्ले यो देशमा सबैको हक मारेर बसे सबै उत्पीडितहरु उस्कै पछि भ्रममा परेर अवसरको कारण लागेको बताए। जोसंग लडेर अधिकार लिनुपर्ने उसैको पछि लागेपछी कहाँ अधिकार पाइन्छ भने? भुमि ऐन ल्याउनु भनेको देशलाई वनजंगल मुक्त बनाउने र धन कमाउने योजना रहेको बताए।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले आदिवासी जनजाती जो मधेशी जस्तै यो देशमा राज्यविहिन जनताको रूपमा बाँच्न बाध्य छन उनीहरुलाई फुटाउ र राज गरको नीति तहत कांग्रेस र एमालेले फुटाएर राखेको बताए। विगतको दिनमा मधेशी, थारु, आदिवासी जनजाती, दलित, पिछडावर्गहरुले छुट्टाछुट्टै एक्ला एक्लै संघर्ष गरेकाले असफल भएको बताए। त्यसकारण यदि उत्पीडितहरुले अधिकार, पहिचान , स्वायत्तता र स्वशासन खोएको हो भने मिल्नुको विकल्प नरहेको बताए। नश्लिय शासनसत्ताबाट मुक्ति चाहिएको छ भने राष्ट्रिय मुक्ति आन्दोलन अपरिहार्य रहेको बताए।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अधिकार पहिचानको लागि भएको आन्दोलनमा संघर्ष गरेका योद्धा साथीहरू माथि झुठा मुद्दा लगाई सरकारले जेलमा राख्ने काम गरेको बताए। हाम्रो बारम्बारको संघर्षले मधेश शब्दले मान्यता पाएको बताए । देशबाट राजा फाल्नु र गणतन्त्र ल्याउनु उपलब्धि रहेको बताए। उखु किसानलाई सरकारले वेवास्ता गर्नु ठीक नरहेको बताए। हैजा फैलिनु र खानेपानी अभाव हुनु भनेको सरकार लापरवाह बन्नु रहेको बताए।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले देश हाम्रो भएकोले राज्य पनि हाम्रो हुनु पर्ने बताए। एउटा नवजात शिशुलाई नर्सले हेरचाह गरे झैं शेर बहादुर देउवाजि र केपी ओली जि संविधानको हेरचाह गर्ने नर्स मात्र भएकोले आमा जस्तो ममत्व उहाँहरुमा नभएको बताए। मधेशीहरु सामाजिक र राजनीतिक रूपमा विभाजित रहेकोले एकहुनु पर्ने बताए।

कार्यक्रममा बोल्दै मोर्चाका केन्द्रीय सचिवालय सदस्य तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव केशव झाले संविधान संशोधनको पक्षमा जनमत तैयार गर्न , लाल आयोगको प्रतिवेदन सार्वजनिक गराउन, आन्दोलनकारीहरु माथिको मुद्दा खारेज गराउन, आन्दोलनकारी राजबन्दी रिहाई गराउन, भुमि विधेयक जो षड्यन्त्रपुर्वक आएको छ त्यसको विरोध गरि भुमिको रक्षा गर्न, भ्रष्टाचारको विरोध गर्न, जनजिविकाको सवालमा जनचाहना अनुसार कार्य गर्न यो मोर्चा गठन भएको बताए।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा तमलोपाका अध्यक्ष वृषेश चन्द्र लालले संविधानको संशोधन समावेशीताको ग्यारेन्टीको लागि चाहिने, पुर्ण समानुपातिक निर्वाचन प्रणालीको लागि संशोधन चाहिने, संशोधन अधिकार प्राप्तिको लागि चाहिने बताए। जनताले समर्थन गर्ने हो भने हामी मोर्चालाई एकढिक्का बनाएर अगाडि बढाउने बताए।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय सचिव चन्द्र कुमार चौधरीले यो मोर्चा गठनले थारु, मधेशी, आदिवासी जनजाति बीच उत्साह बढेको छ। यो एकता मोर्चाले छिट्टै रुपन्देही क्षेत्र न.३को चुनावमा परिणाम दिने बताए।

कार्यक्रममा मोर्चाका शीर्ष नेताहरु क्रमशः उपेन्द्र यादव, राजेन्द्र महतो, महन्थ ठाकुर, हृदयेश त्रिपाठी, वृषेश चन्द्र लाल, केशव झा, जयराम यादव, चन्द्र कुमार चौधरी, चन्द्र प्रसाद राजवंशी, बलराम ऋषिदेव, मनिष मिश्र, सत्य नारायण साह, रेखा यादव, सन्तोष मेहता, आभास लाभ, रकम चेम्जोङ, तबरेज हक, डा. विजय सिंह, संजय सिंह, लगायतको विशेष उपस्थिति रह्यो।

मोर्चाले पहिलो चरणमा देशको आठ ठाउँमा जनजागरण अभियान संचालन गर्ने तय गरेको थियो। जसअनुसार अब १८ गते राजविराज र २० गते जनकपुरधाममा कार्यक्रम हुनेछ।

कार्यक्रमको संचालन कोशी प्रदेशका पुर्व मन्त्री तथा संविधानसभा सदस्य जयराम यादवले गरेका थिए।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
